निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय, बाँके

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय बाँके

प.सं. २०८१/०८२
च.नं.९४

मितिः २०८२/०१/०७
ने.सं. ११४५ चौलागा ७ आइतबार

विषयः सूचना टाँस गरी दिने सम्बन्धमा ।

श्री स्थानीय तह
सबै ।

उपरोक्त सम्बन्धमा मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धी सूचना थान २ यसै पत्र साथ संलग्न राखि पठाईएको छ । सो सूचना तहाँ कार्यालयमा टाँस गरी जानकारी पठाईदिन हुन अनुरोध गरीन्छ ।

युवराज पन्त
नि: जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय, बाँके

प.सं. २०८१/०८२
च.नं. ८४

मिति: २०८२/०१/०७
ने.सं. ११४५ चौलागा ७ आइतबार

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
बाँके

## विषयः सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा निर्वाचन आयोग, नेपालबाट मिति २०८१/०३/३१ मा स्वीकृत मतदाता नामावली अद्यावधिक कार्यविधि २०८१ बमोजिम २०८२ साल वैशाख मसान्तमा अन्तिम मतदाता नामावली प्रकाशन गर्नुपर्ने भएकोले कार्यविधिमा उल्लिखित ब्यवस्था र प्रक्रिया बमोजिम तोकिएको समयावधिभित्र मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन भईरहेकोले यही मिति २०८२/०१/०७ गते देखि २०८२/०१/१४ सम्म त्रुटि सच्याउन, बसाइसराइ र मृत्यु भएका व्यक्तिहरुको नाम हटाउन निवेदन दिने तथा कसैले झुठ्ठा विवरण दिई नामावलीमा दोहोरो नाम समावेश गरेको भए सोको निवेदन अनलाइन मार्फत आयोगको वेवसाइटमा रहेको मतदाता नामावली दर्ता तथा अद्यावधिक प्रणाली वा जिल्ला निर्वाचन कार्यालयमा दिन सकिने ब्यवस्था रहेको हुँदा उक्त समयावधि भित्र निवेदन दिई आफ्नो मतदाता नामावलीको विवरण अद्यावधिक गर्नुहुन आम सर्वसाधारण नागरिक तथा सरोकारवाला सम्पूर्ण निकायहरुमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

युवराज पन्त
नि. जिल्ला निर्वाचन अधिकारी

**अनुसूची- १**

(दफा ४ को उपदफा (२), दफा ६ को उपदफा (१), (३), (४) र दफा १३ को उपदफा (३), (१०) सँग सम्बन्धित)

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, बाँके

# मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक कार्य २०८२ साल वैशाख महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ ।

<table>
<tr><th>क्र. सं.</th><th>क्रियाकलाप</th><th>देखि</th><th>सम्म</th><th>कार्य सम्पादन हुने स्थान/ सम्पर्क गर्ने स्थान</th></tr>
<tr><td>१</td><td>आयोगको वेवसाइटमा मतदाता नामावली प्रकाशन गर्ने</td><td colspan="2">२०८२ वैशाख ६ गते</td><td>https://www.election.gov.np</td></tr>
<tr><td>२</td><td>मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने</td><td rowspan="4">२०८२ वैशाख ७ गते</td><td rowspan="4">२०८२ वैशाख १४ गते</td><td rowspan="4">अनलाइन<br>https://applyvr.election.gov.np<br>वा<br>निर्वाचन कार्यालय</td></tr>
<tr><td>३</td><td>कसैले झुठ्ठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने</td></tr>
<tr><td>४</td><td>कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने</td></tr>
<tr><td>५</td><td>मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने</td></tr>
<tr><td>६</td><td>वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाई सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/ निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने</td><td>२०८२ वैशाख ७ गते</td><td>२०८२ वैशाख १४ गते</td><td>निर्वाचन कार्यालय</td></tr>
<tr><td>७</td><td>उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने</td><td>२०८२ वैशाख १५</td><td>२०८२ वैशाख १८</td><td>निर्वाचन कार्यालय</td></tr>
<tr><td>८</td><td>मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने</td><td></td><td>२०८२ वैशाख २१</td><td>निर्वाचन कार्यालय</td></tr>
<tr><td>९</td><td>नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने</td><td>२०८२ वैशाख २२ गते</td><td>२०८२ वैशाख २५ गते</td><td>निर्वाचन कार्यालय र वडा कार्यालय</td></tr>
<tr><td>१०</td><td>अन्तिम मतदाता नामावली प्रकाशन गर्ने</td><td colspan="2">२०८२ वैशाख मसान्त</td><td>निर्वाचन आयोग</td></tr>
</table>

जिल्ला निर्वाचन अधिकारी